आज मिति २०८०।०५।२२ गते शुक्रबारका दिन विहानको ८:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को तेस्रो बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य -सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

१) रमेश थापा, सूचना प्रविधि अधिकृत

२) धन बहादुर शर्मा आचार्य, का.स.

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

कार्यपालिका बैठक मिति : २०८०।०५।२२ गते

समय : विहान ८:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८०।०५।१३ गते

**छलफलका एजेण्डाहरु:**

**प्रस्ताव नं. १** साना विकास परियोजना पेश गर्ने सम्बन्धमा,
**प्रस्ताव नं. २** गाउँपालिका भित्रका मोटरबाटोहरु मर्मत सम्बन्धमा,
**प्रस्ताव नं. ३** भूमि आयोग सम्बन्धित बाँकी कार्य सम्पन्न गर्ने सम्बन्धमा,
**प्रस्ताव नं. ४** ठूला पूर्वाधार आयोजना निर्माण सम्बन्धमा,
**प्रस्ताव नं. ५** प्रभा मा.वि.मा भौतिक पुर्वाधार निर्माण(क्रमागत)मा थप बजेट माग गर्ने सम्बन्धमा ,
**प्रस्ताव नं ६** पाउद्वार मा.वि.मा भौतिक पुर्वाधार निर्माणको बजेट सुनिश्चितताको सम्बन्धमा,
**प्रस्ताव नं ७** सहलगानीमा पर्यटकीय पूर्वाधार निर्माण सम्बन्धमा,
**प्रस्ताव नं. ८** IEE, DPR, गुरुयोजना तथा नक्साङ्कन सम्बन्धमा
**प्रस्ताव नं ९** फोहोरमैला व्यवस्थापन सम्बन्धमा,
**प्रस्ताव नं. १०** बगरहरुको IEE सम्बन्धमा,
**प्रस्ताव नं. ११** जग्गा नाँपजाँच सम्बन्धमा,
**प्रस्ताव नं.१२** कर्मचारी नियुक्ती सम्बन्धमा,
**प्रस्ताव न. १३** भुवानी आ.वि भवन निर्माण सम्बन्धमा,
**प्रस्ताव नं १४** छात्रवृति सम्बन्धी कार्यविधि सम्बन्धमा,
**प्रस्ताव नं १५** शिख-घार प्रहरी चौकी भवन निर्माण सम्बन्धमा,
**प्रस्ताव नं १६** बजार अनुगमनको प्रतिवेदन छलफल सम्बन्धमा,
**प्रस्ताव नं १७** बेनी जोमसोम कोरोला सडक निर्माण र बैकल्पिक मार्ग निर्माण सम्बन्धमा,
**प्रस्ताव नं १८** आयठेक्का सञ्चालित स्थानमा सामग्रीहरु उपलब्ध गराउने सम्बन्धमा।

भारत कुमार पुन
अध्यक्ष

निर्णय नं १:

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ( विकास सहायता समन्वय शाखा)को मिति २०८०।०५।०६ को साना विकास परियोजना सम्बन्धी परिपत्र छलफल गरियो । पत्रानुसार किटान भएका निर्धारित क्षेत्रभित्रका आयोजनाहरु तोकी पेश गर्नुपर्ने कागजातहरु तयारी गरी सबै वडाहरुबाट उपयुक्त प्रस्ताव कार्यपालिकामा पेश गर्ने ।

निर्णय नं २:

गाउँपालिका भित्र रहेका सडकहरु यसबर्षको बर्षातले क्षेतविक्षत भई मर्मत गर्नुपर्ने भएकाले सबै वडाहरुले प्राविधिक लागत अनुमान तयार गरी असोज ५ गते भित्र गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने । मर्मत गर्नका लागि आवश्यक पर्ने व्ययभार विपद् व्यवस्थापन कोषबाट वहन गर्ने ।

निर्णय नं ३:

क) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा बाँकी रहेका कार्यहरु वडास्तरबाट तत्काल अघि बढाउने ।

ख) राष्ट्रिय भुमि आयोगको चलानी नं ४२, मिति २०८०।०४।२३ को पत्र बैठकमा राखी छलफल गरियो । सो सम्बन्धमा गाउँपालिकाको समग्र क्षेत्रलाई चार प्रकारमा वर्गिकरण गरी पठाउनु पर्ने भएकाले सबै वडा कार्यालयहरुले आफ्नो क्षेत्र भित्रका जग्गाको ग्रामीण क्षेत्र, सहरोन्मुख क्षेत्र र सहरी क्षेत्र तोकी १५ दिन भित्र गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

निर्णय नं ४:

गाउँपालिकामा चालु आ.व.मा कार्यन्वयन हुने गरी स्वीकृत ठुला पूर्वाधार आयोजनाको सहजीकरणको लागि तपसिल बमोजिम गर्ने ।

क) भुरूङ तातोपानी कुण्डमा पूर्वाधार निर्माण गर्नका लागि जग्गाको स्वामित्व, राजमार्गको अधिकार क्षेत्र, निर्माण गर्ने स्थल, आय ठेक्का प्रभावित नहुने गरी यस बर्ष निर्माण गर्ने संरचनाहरु निक्यौंल गरी निर्माणलाई तिब्रता दिन आवश्यक समन्वय समेत गरी १५ दिन भित्र कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्न तपसिल बमोजिम समिति गठन गर्ने ।

तपसिल :

श्री ओम प्रसाद फगामी, वडा नं २ अध्यक्ष - संयोजक
श्री रमेश पूर्जा, वडा नं ३ अध्यक्ष - सदस्य
श्री ईश्वर भण्डारी, इन्जिनियर - सदस्य-सचिव

ख) सेकार्कु कुण्डमा पूर्वाधार निर्माण गर्नका लागि जग्गाको स्वामित्व, निर्माण गर्ने स्थल, यस बर्ष निर्माण गर्ने संरचनाहरु निक्यौंल गरी निर्माणलाई तिब्रता दिन आवश्यक समन्वय समेत गरी १५ दिन भित्र कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्न तपसिल बमोजिम समिति गठन गर्ने ।

भारत कुमार पुन
अध्यक्ष

तपसिल :

| | |
|---|---|
| श्री दिलिप कुमार गर्बुजा , वडा नं १ अध्यक्ष | - संयोजक |
| श्री राम बहादुर खड्का, वडा नं ६ अध्यक्ष | - सदस्य |
| श्री बालकृष्ण पौडेल, अ.सब-इन्जिनियर | - सदस्य-सचिव |

ग) रुप्से झर्नामा पूर्वाधार निर्माण गर्नका लागि जग्गाको स्वामित्व, निर्माण गर्ने स्थल, यस बर्ष निर्माण गर्ने संरचनाहरु निक्यौंल गरी निर्माणलाई तिब्रता दिन आवश्यक समन्वय समेत गरी १५ दिन भित्र कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्न कार्यपालिकाको पूर्वाधार विकास समितिलाई जिम्मेवारी दिने ।

घ) दाना स्वास्थ्य चौकीमा पूर्वाधार निर्माण गर्नका लागि जग्गाको स्वामित्व, निर्माण गर्ने स्थल, यस बर्ष निर्माण गर्ने संरचनाहरु निक्यौंल गरी निर्माणलाई तिब्रता दिन आवश्यक समन्वय समेत गरी १५ दिन भित्र कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्न तपसिल बमोजिम समिति गठन गर्ने ।

तपसिल :

| | |
|---|---|
| श्री रमेश पुर्जा , वडा नं ३ अध्यक्ष | - संयोजक |
| श्री मुकेश जयसवाल, अ.सव.इन्जिनियर, वडा नं ३ | - सदस्य |
| श्री ईश्वर भण्डारी, इन्जिनियर | - सदस्य-सचिव |

ङ) छेम्दी कृषि सडक निर्माण गर्नका लागि जग्गाको स्वामित्व, निर्माण हुने संरचनाहरु निक्यौंल गरी निर्माणलाई तिब्रता दिन आवश्यक समन्वय समेत गरी १५ दिन भित्र कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्न तपसिल बमोजिम समिति गठन गर्ने ।

तपसिल :

| | |
|---|---|
| श्री लोक बहादुर फगामी , वडा नं ४ अध्यक्ष | - संयोजक |
| श्री सुमन्त यादव, अ.सव.इन्जिनियर, वडा नं ४ | - सदस्य |
| श्री बालकृष्ण पौडेल, अ.सव.इन्जिनियर | - सदस्य-सचिव |

**निर्णय नं ५ :**

यस गाउँपालिकामा विशेष अनुदान अन्तर्गत प्रभा मा.वि.मा भौतिक पूर्वाधार निर्माण (क्रमागत) को लागि आ.व. २०७९/८० मा परेको विशेष अनुदान अन्तर्गत रु ५ करोड लागत स्वीकृत गरी रु ३,८४,१८,९०७/- मा जयलक्ष्मी-अभिनव जे.भी. बाग्लुङसंग मिति २०८१ जेठ समान्त सम्मको म्याद राखिएर सम्झौता गरिएको ; प्रथम बर्षमा प्राप्त भएको १,४७,१२,७९७/- मध्ये गत आ.व.मा रु १,४७,०९,२३६/- भुक्तानी भएको ; यस आ.व.मा पनि उक्तका आयोजनाको लागि यस आ.व.मा. रु ५०,००,०००/- प्राप्त हुने LMBIS मा Entry देखिएकाले उक्त रकम भुक्तानीको लागि नपुग हुने हुँदा नपुग हुने रकम रु १,८७,०९,६७१ /- र Physical Contengency बापतको रु १५,००,०००/-, Price Adjustment Amount रु ४३,१०,७४३।४७ र contengency Amout रु १०,८१,८२१।८४ गरी जम्मा रु २,५६,०२,२३६।३ थप व्यवस्था गरिदिनुहुन राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने ।

भारत कुमार पुन

निर्णय नं ६ :

यस गाउँपालिकामा विशेष अनुदान अन्तर्गत पाउद्वार मा.वि.मा पूर्वाधार निर्माण को लागि आ.व. २०८०।८१ मा तीन बर्षको लागि रु ५ करोड बजेट स्वीकृत भएकोम यस बर्ष LMBIS मा रु १,१५,००,०००/- देखिएकाले, हाल रु ५ करोड बराबर कै लागत स्वीकृत गरी बहुवर्षिय ठेक्कामा आह्वानको तयारी गरिएको हुदा थप बजेटको सुनिश्चित गरिदिन राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने ।

निर्णय नं ७ :

जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजना काठमाण्डौसंगको सहलगानीमा उपयुक्त पर्यटकीय पूर्वाधार निर्माण गर्ने रु १६,००,०००/- बजेट साझेदारी गर्ने । साथै संभव हुने पूर्वाधार यथासिघ्र अगाडी बढाउन उक्त परियोजनालाई अनुरोध गर्ने।

निर्णय नं ८ :

चालु आर्थिक वर्षमा वातावरणीय अध्ययन विस्तृत परियोजना प्रतिवेदन, गुरुयोजना, नक्साङ्कन जस्ता परामर्श सेवाका क्षेत्रमा विनियोजित बजेटबाट अध्ययन तथा प्रतिवेदन तयारीका लागि पूर्वाधार विकास समितिले प्राथमिकता क्रम तोकी पेश गरेकाले सोही अनुसार कार्य अगाडी बढाउने ।गाउँपालिकाको पूर्वाधार विकास तथा भवन नियमन शाखाले आफै सम्पादन गर्न नसक्ने भएमा मात्र परामर्श सेवा मार्फत कार्य गर्ने ।

निर्णय नं ९ :

नकुहिने फोहोरमैला व्यवस्थापनको लागि वडा नं ६ को भिरकाटे(एकल चौतारा)मा फोहोर संकलन केन्द्र निर्माण गर्ने गरी वातावरणीय प्रभाव आँकलन, विस्तृत परियोजना प्रतिवेदन तयारी गर्ने । वातावरणीय परीक्षण तथा मूल्याङ्कन गर्ने जनशक्तिको उपलब्धता नभएकाले परामर्श सेवा मार्फत कार्य अगाडी बढाउने । प्रतिवेदनबाट ठहरिए बमोजिम साना विकास परियोजनाको रुपमा पेश गरी वा गाउँपालिकाको आफ्नै स्रोतबाट बजेट विनियोजन गरी भौतिक संरचना निर्माण गर्ने ।

निर्णय नं १० :

पूर्वाधार विकास समितिले निक्यौंल गरेका गाउँपालिकाका विभिन्न वगरहरुबाट दहत्तर बहत्तर संकलन तथा बिक्रि गर्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्ने। वातावरणीय परीक्षण तथा मूल्याङ्कन गर्ने जनशक्तिको उपलब्धता नभएकाले परामर्श सेवा मार्फत कार्य अगाडी बढाउने ।

निर्णय नं ११:

गाउँपालिकाको लागि उपलब्ध हुने निशुल्क जग्गा, वडा नं ७ को कार्यालयको लागि प्राप्त हुने निशुल्क जग्गा र भुरुङ तातोपानी कुण्डमा पूर्वाधार निर्माण गर्न जग्गा यकिन गर्नका लागि सेवा तथा परामर्श शीर्षकमा व्ययभार हुने गरी अमिन ल्याई नापजाँज गर्ने ।

भारत कुमार पुन
अध्यक्ष

निर्णय नं १२ :

घोरेपानी स्वास्थ्य प्रवर्द्धन कार्यक्रम र स्वच्छ पुनहिल कार्यक्रम कार्यान्वयन गर्न तथा भुरुङ तातोपानी स्वास्थ्य चौकीमा ल्याव सेवा संचालन गर्न तपसिल बमोजिम कर्मचारी नियुक्ती गर्ने ।

तपसिल :

- घोरेपानी सामुदायिक स्वास्थ्य तथा सुधार समिति संस्थामा अ.हे.व (चौथो) पद पारिश्रमिक रु २५,०००/- मासिक ।
- पुनहिलमा,सरसफाइ गर्न सफाईकर्मी (कार्यालय सहयोगी) पद पारिश्रमिक रु २०,०००/- मासिक ।
- भुरुङ तातोपानी स्वास्थ्य चौकी ल्याव असिष्टेन्ट चौथो पद पारिश्रमिक नेपाल सरकारको नियमानुसार ।

निर्णय नं १३:

वडा नं ६ मा अवस्थित भुवानी आ.वि.को भवन जिर्ण भई भत्कने अवस्थामा पुगेको र उक्त भवनमा पठनपाठन गर्नु जोखिम युक्त भएकाले नयाँ निर्माण गर्नुपर्ने देखिन्छ । उक्त भवन निर्माण गर्नको लागि आवश्यक पर्ने बजेट तत्काल प्रबन्ध गर्न समस्या रहेकाले गण्डकी प्रदेश सरकारसंग साझेदारी गरी निर्माण गर्न सम्भव देखिन्छ अतः भवन निर्माणका लागि रु २० लाख बजेट प्रबन्ध गरिदिन मुख्यमन्त्री तथा मन्त्रि परिषदको कार्यालय गण्डकी प्रदेशलाई अनुरोध गर्ने । त्यसमा नपुग हुने रकम गाउँपालिकाले साझेदारी गर्ने ।

निर्णय नं १४:

माध्यमिक तह SEE परिक्षामा प्राप्त GPA मा आधारित एकमुष्ट छात्रवृति अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि २०८० पारित गर्ने ।

निर्णय नं १५ :

वडा नं ६ मा वि.स. २०४९ साल देखि शिख-घार प्रहरी चौकीले सेवा प्रदान गर्दै आएको ; हाल वडा कार्यालयको समन्वयमा ४ रोपनी भन्दा बढी जग्गा उक्त प्रहरी चौकीको नाममा निशुल्क प्राप्ति भइसकेको हुनाले उक्त चौकीको लागि भवन निर्माण कार्यको लागि आवश्यक बजेट प्रवन्ध हुने गरी प्रकृया अगाडी बढाईदिन जिल्ला प्रशासन कार्यालय म्याग्दी मार्फत गृह मन्त्रालयमा अनुरोध गर्ने ।

निर्णय नं १६:

मिति २०८०।०५।२० गते यस गाँउपालिका र पर्यटन तथा उद्योग कार्यालय म्याग्दीको संयुक्त आयोजनामा बजार अनुगमन गरी तयार भएको प्रतिवेदन उपर छलफल गरियो ।बजारलाई चुस्त बनाउनका लागि सबै क्षेत्रको समन्वयात्मक पहल गर्ने ।

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

भारत कुमार पुन
अध्यक्ष

निर्णय नं १७ :

बेनी-जोमसोम-कोरला सडकको निर्माणको क्रममा यस गाउँपालिकाको धेरै भुभाग प्रभावित भएको छ। विशेष गरी हालको बर्षातले वडा नं ३ को क्षेत्र क्षेतिग्रस्त भएको छ । उक्त क्षेतिको पुनःनिर्माण गरी पूर्व alligement अनुसार नै राजमार्ग निर्माण हुने सुनिश्चितताका साथ शिघ्र निर्माण अगाडी बढाउन आयोजना कार्यालयलाई अनुरोध गर्ने । साथै नाकढुङ्गा हुदै नारच्याङ घराप, ठाडेस्वारा, कोप्चेपानी हुदै पैरोथाप्ला मुस्ताङ जोड्ने बैकल्पिक मार्गलाई समेत निर्माण गरिदिन अनुरोध गर्ने ।

निर्णय नं १८ :

चालु आ.व.मा आय ठेक्कामा सञ्चालित तपसिलका स्थानहरुमा माग बमोजिम सामग्री उपलब्ध गराउने ।

| भु-तातोपानी कुण्ड | पुनहिलमा |
|---|---|
| **मर्मत गर्नुपर्ने सामग्री**<br>१) सोलार मर्मत<br>२) कुण्ड भित्रको जि.आई पाईप मर्मत<br>३) बेशन मर्मत<br>४) कुण्ड भित्रिभागमा मर्मत र रङ्गोगन<br>**खरिद गर्ने सामग्रीहरु :**<br>५) पानी तान्ने मोटर -१ थान<br>६) जेनेरेटर — १ थान<br>७) ट्वाईलेट ब्रस- ५ थान<br>८) प्लाष्टिक जग- ५ थान<br>९) धारा टुटी- ६ थान<br>१०) डसविन सानो /ठुलो — ५/५ थान<br>११) प्लाष्टिक राउण्ड टेवल- ४ थान<br>१२) प्लाष्टिक कुर्ची — २० थान<br>१३) गार्डेन बल्व — ६ थान<br>१४) विजुलीको तार र सानो स्पिकर- १ थान | **मर्मत गर्नुपर्ने :**<br>१) शौचालय<br>**खरिद गर्ने सामग्रीहरु :**<br>२) पानी तान्ने मोटर -१ थान<br>३) जेनेरेटर ८ केभी — १ थान<br>४) ट्वाईलेट ब्रस- ५ थान<br>५) प्लाष्टिक जग- ५ थान<br>६) धारा टुटी- ६ थान<br>७) डसविन ठुलो — १० थान<br>८) खानेपानी पाइप ४० एमएम- १ रोल<br>९) प्लाष्टिक जग — ६ थान<br>१०) हिलट्याङ्की २ हजार लि.- १ थान<br>११) विजुलीको वाईरिङ तार - ६ रोल |

भारत कुमार पुन
अध्यक्ष

निर्णय प्रमाणित गर्ने:
नामथर: अमृत सुवेदी
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: २०८०।८।२२

अमृत सुवेदी